# माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको

नेपाशि. ५९८ पाठ्यांश पूरा गर्ने प्रयोजनका निम्ति प्रस्तुत

**शोध–पत्र**


शोधकर्ता

चेतबहादुर थापा

क्रमाङ्क : ३०८०१९० (२०६७)

र.न. : १९५८४–९३

शैक्षिक वर्ष : ४०/२०६६-२०६८


त्रिभुवन विश्वविद्यालय

नेपाली भाषा शिक्षा शिक्षण विभाग

तानसेन बहुमुखी क्याम्पस,

तानसेन, पाल्पा

२०६८

त्रिभुवन विश्वविद्यालय

**तानसेन बहुमुखी क्याम्पस**

(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)

तानसेन, पाल्पा, नेपाल

**TANSEN MULTIPLE CAMPUS**

Tansen, Palpa, Nepal

स्थापित: २०४७

☎ ०७५-५२०५९७
फ्याक्स नं. : ०७५-५२२८५०

पत्र संख्या :
च.नं.

मिति.........................

## सिफारिस पत्र

प्रस्तुत विषयमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस पाल्पा नेपाली भाषाशिक्षा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षका छात्र **चेत बहादुर थापा**ले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५९८ को आवश्यकता पूर्तिका निम्ति **माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशन र आवश्यक सल्लाह सुझावमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्णत सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६८/११/९

.........................................

सह-प्राध्यापक शालिकराम पौडेल

शोधनिर्देशक

नेपाली भाषा शिक्षा शिक्षण विभाग

त्रिभुवन विश्वविद्यालय
**तानसेन बहुमुखी क्याम्पस**
(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल
**TANSEN MULTIPLE CAMPUS**
Tansen, Palpa, Nepal
स्थापित: २०३७

☎ ०७५-५२०५९७
फ्याक्स नं. : ०७५-५२२४५०

पत्र संख्या :
च.नं.

मिति.............................

## स्वीकृति पत्र

## नेपाली भाषाशिक्षा शिक्षण विभाग

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा विभाग तानसेन बहुमुखी क्याम्पस, पाल्याका छात्र **चेतबहादुर थापा**ले तयार पार्नु भएको "माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन" शीर्षकको शोधपत्र शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली विषयको निम्ति उपयुक्त भएकोले स्वीकृत गरिएको छ ।

शोधमूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. सह - प्रा.डा. नेत्रप्रसाद न्यौपाने | विभागीय प्रमुख | ............................ |
| २. सह - प्राध्यापक शालिकराम पौडेल | शोधनिर्देशक | ............................ |
| ३. | बाह्य परीक्षक | ............................ |
| ४. क्या. प्र. राधेश्याम ज्ञवाली | सदस्य | ............................ |

मिति : २०६८/....../........

# कृतज्ञता – ज्ञापन

जीवनको गतिशील यात्रालाई शैक्षिक मार्गबाट अगाडि बढाउँदै जाँदा एम.एड. तह अध्ययन गर्ने सिलसिलामा तानसेन बहुमुखी क्याम्पस, पाल्पा जब मेरो पदारोपण भयो त्यसैको लागि निर्धारित नेपाली भाषा शिक्षा शिक्षण विभागअन्तर्गतको नेपाशि. ५९८ पाठ्यभार पूरा गर्न शोधकार्य गर्नुपर्ने आवश्यकता भयो । शोधकार्य आफैमा एक गहन र जटिल विषय हो । यसका लागि कठोर मेहनत तथा धैर्यताको आवश्यकता पर्ने यथार्थ अनुभव यस शोधपत्र लेखनका क्रममा भएको छ । दुई पाठ्यक्रमहरूका बीच समय समयमा तुलनात्मक अध्ययन विश्लेषण नभएका होइनन् यद्यपि 'माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन' शीर्षकको अनुसन्धान नहुँदा केही अपूरो महशुस भयो र उक्त शीर्षकमा आधारित रही यो शोधपत्र तयार पारिएको छ ।

व्यक्तिगत अनेकौं व्यस्तताका बावजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्र लेखनको प्रारम्भदेखि हालसम्म कुशल निर्देशन, उत्साहजनक उत्प्रेरणा तथा महत्त्वपूर्ण सुझाव र सल्लाह दिनुहुने तानसेन बहुमुखी क्याम्पस, पाल्पाका श्रद्धेय सहप्राध्यापक गुरु श्री शालिकराम पौडेलप्रति हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु । शोधपत्रको शीर्षक चयन लगायतका क्रममा आफ्नो बौद्धिकता र तार्किकता झल्कने गरी दिइएको बहुमूल्य सुझाव र सल्लाह दिनुहुने श्रद्धेय गुरु सहप्राध्यापक डा. नेत्रप्रसाद न्यौपाने ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोधकार्य लेखनका लागि विशेष प्रेरणा प्रदान गरी यस विषयमा आकृष्ट गर्ने पाणिनी बहुमुखी क्याम्पस, अर्घाखाँचीका मेरा आत्मीय मित्रहरू क्रमशः पा. मीनराज खनाल, प्रा. रामलला भुसाल, प्रा. लक्ष्मण पोखेलप्रति आभार प्रकट गर्दछु । शोध अध्ययनको क्रममा सामग्री सङ्कलन आवश्यक सल्लाह सुझाव दिई सहयोग गर्नुहुने सान्धिखर्क स्रोतकेन्द्र अर्घाखाँचीका स्रोतव्यक्ति श्री युवराज भुसालप्रति विनम्रतापूर्वक आभार प्रकट गर्दछु । त्यसै क्रममा प्रभावकारी सल्लाह र सुझाव दिने किमडाँडा ढाकाबाङ धारापानी स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री हरिप्रसाद भुसालप्रति कृतज्ञता प्रदान गर्दछु । मेरा सहपाठी मित्रहरू श्री युवराज खनाल, श्री हिमलाल खनाल, श्री लक्ष्मण खनालले बेलाबेलामा शोधपत्र लेखनका लागि सहयोग पुग्ने गरी आवश्यक सल्लाह र सुझाव दिनुभएकोमा उहाँहरुप्रति धेरै धेरै आभार प्रकट गर्दछु ।

मेरो यस कार्यका हरेक क्षणमा पारिवारिक गतिविधि कुशलतापूर्वक सञ्चालन तथा आवश्यक सल्लाह र सुझाव दिई भारी सहयोग दिने मेरी आत्मीय जीवन सङगिनी श्रीमती अनिता थापाप्रति धेरै धेरै

धन्यवाद दिन चाहन्छु । शोधपत्र निर्माणका निम्ति कम्प्युटर टाइप र सेटिङ्ग गरिदिने आर्यन्स एजुकेशनल कन्सल्टेन्सी पाल्पाकी कम्प्युटर सहायक गीता पाण्डेलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस शोधपत्रमा भएका सम्पूर्ण सबल पक्षहरू मेरा श्रद्धेय गुरुहरूका ज्ञान र प्रेरणाका उपज हुन भने यसमा रहेका दुर्बल पक्षहरू मेरा आफ्नै हुन् भनी विनम्रतापूर्वक स्वीकार गर्दछु । अन्तमा यस शोधपत्र निर्माणका लागि आफ्नो-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने मेरा सम्पूर्ण गुरुवर्ग, मित्रजन तथा सुभेच्छुकप्रति दिलोज्यानले आभार प्रकट गर्दछु ।

**चेत बहादुर थापा**
**त्रिभुवन विश्वविद्यालय**
**नेपाली भाषा शिक्षा शिक्षण विभाग**
**तानसेन बहुमुखी क्याम्पस,**
**तानसेन, पाल्पा**

# शोधसार

प्रस्तुत शोधपत्र त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस, पाल्पाको नेपाली भाषा शिक्षा शिक्षण विभागअन्तर्गत नेपाशि. ५८९ को पाठ्यांशको आवश्यकता पूर्तिका निम्ति तयार पारिएको छ । **माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन** शीर्षक कायम गरी तानसेन बहुमुखी क्याम्पस, पाल्पाका सह-प्राध्यापक श्री शालिकराम पौडेल ज्यूको प्रत्यक्ष निर्देशनमा तयार पारिएको छ । यो शोधपत्र तयार पार्ने पृष्ठभूमिका लागि म शोधार्थी २०६६ सालमा यस तानसेन बहुमुखी क्याम्पस पाल्पामा एम.एड.तह पूरा गर्न भर्ना भएको वास्तविकता रहेको छ भने यस शोधपत्रलाई शोधपत्र (अनुसन्धान प्रतिवेदन) को ढाँचा अनुरूप ३ भागमा विभक्त गरिएको छ । जसमा पूर्वभागअन्तर्गत मूखपृष्ठ, शोधनिर्देशकको सिफारिस, स्विकृति पत्र, कृतज्ञताज्ञापन, शोधसार, विषयसूची, तालिकासूची र संक्षिप्तकृत शब्दसूची राखिएको छ भने मध्यभाग अथवा मुख्य भागअन्तर्गत पाठ्यक्रमलाई पाँच परिच्छेदमा पृष्ठ १ देखि ५१ पृष्ठ सम्म सङ्गठित गरिएको छ र उत्तर भाग अन्तर्गत प्रस्तुत शोधपत्रमा परिशिष्ट अन्तर्गत माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ का छुट्टाछुट्टै पाठ्यक्रमका साथै व्यत्तिवृत्त राखिएको छ ।

**माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन** शीर्षकभित्र अध्ययनका लागि पाँच परिच्छेदमा सङ्गठित गरिएको छ । पाँच परिच्छेद भित्र शीर्षक, उपशीर्षकलाई नियमित रूपमा व्यवस्थित गरिएका छन् । निर्दिष्ट दुई पाठ्यक्रमका बीचमा रहेका समानता/असमानतालाई तुलनात्मक रूपमा अध्ययन गर्ने प्रयास भएको छ । परिच्छेद एकको शोधपरिचय शीर्षकमा उपशीर्षक नौ सम्म सङ्गठित गरी अध्ययनको ठोस योजना निर्माण भएको छ ।

परिच्छेद दुईको सैद्धान्तिक अवधारणा शीर्षकमा उपशीर्षक चार सम्म कायम गरिएको छ । पाठ्यक्रमको परिचय खण्डमा पाठ्यक्रम को परिचय र यसका परिभाषा दिइएको छ, भाषा पाठ्यक्रमको परिचय खण्डमा भाषा पाठ्यक्रम के हो भन्ने बारे उल्लेख छ, भाषा पाठ्यक्रमको स्तम्भ र आधारहरू खण्डमा भाषा पाठ्यक्रमका अङ्गहरू उल्लेख छन्, भाषा पाठ्यक्रमका महत्व र उपयोगिता खण्डमा भाषा विषयको महत्व र उपयोगितालाई उल्लेख गरिएको छ ।

परिच्छेद तीनको नेपाली भाषा पाठ्यक्रमको परम्पराको संक्षिप्त अध्ययन शीर्षकलाई उपशीर्षक र उपशीर्षकको पनि उपशीर्षकमा सङ्गठित गरी विभिन्न समयमा निर्माण भएका भाषा पाठ्यक्रमको बारेमा सङ्क्षिप्त प्रस्तुती रहेको छ । जसमध्ये : नेपाली भाषा पाठ्यक्रमको ऐतिहासिक परम्परामा

भाषापाठशालाको स्थापना स्रेस्ता पाठशाला १९६२, जाँचपास अड्डा १९६७, आधार शिक्षा २००४, रा.शि.प.यो. २०२८, रा.शि.आ. प्रतिवेदन २०४९, माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०५५ द्वारा प्रष्टाइएको छ । माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमको परम्परामा वि.स. १९९० सालमा स्थापना भएको एस्.एल्.सी. बोर्डदेखि माध्यमिक तहको भाषा पाठ्यक्रम २०५५ सम्म रहेका पाठ्यक्रमका अङ्गहरू र संक्षिप्त परिचय सहितका विशेषता उल्लेख गरिएका छन् । साथै माध्यमिक तहको भाषा पाठ्यक्रम २०६४ को संक्षिप्त परिचय उल्लेख समेत गरिएको छ ।

परिच्छेद चारको पाठ्यक्रमको तुलनात्मक अध्ययनको शीर्षकलाई विभिन्न उपशीर्षक र उपशीर्षकको उपशीर्षकमा सङ्गठित गरी माध्यमिक तहको भाषापाठ्यक्रम २०२८ र २०६४ को बीच तुलना गर्न उद्देश्य, भाषिक सीप, विधागत क्षेत्र र क्रम, शिक्षण विधि, अङ्कभार र पाठ्यभार, शैक्षिक सामग्री तथा मूल्याङ्कनलाई आधार मानी तुलना गरिएको छ । यस परिच्छेदमा रहेका उद्देश्य अन्तर्गत दुबै पाठ्यक्रमका उद्देश्यगत समानता र असमानता त्यस्तै विधागत क्षेत्र र क्रममा दुबै पाठ्यक्रममा रहेको वितरणको अवस्था, छनोट र स्तरणमा समानता र असमानता त्यस्तै गरी शिक्षण विधि, अङ्कभार र पाठ्यभार, शैक्षिक सामग्री तथा मूल्याङ्कनमा रहेका समानता र असमानतालाई औंल्याइएको छ ।

परिच्छेद पाँचमा निष्कर्ष तथा सुझावहरू भनी शीर्षक कायम गरिएको छ जसमा निष्कर्षका रूपमा दुबै पाठ्यक्रममा रहेका सबल र दुर्बल पक्षहरू उल्लेख छन् भने पाठ्यक्रमलाई अझ सबल र प्रभावकारी बनाउन महत्वपूर्ण सुझावहरू, सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

योजनावद्ध रुपमा गरिएका कुनै पनि कार्यका आफ्नै खालका विशिष्ट समस्या पूर्ति गर्ने उद्देश्य हुन्छन् । यस शोधपत्र निर्माणका अथवा **माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०६४ को तुलनात्मक अध्ययन** शीर्षकअन्तर्गतको अनुसन्धानबाट नेपाली भाषा पाठ्यक्रममा देखा परेका समस्या तथा ती समस्याहरु समाधान गर्न गरिएका प्रयासहरूलाई उल्लेख गर्ने उद्देश्य राखिएको छ । समस्या समाधान गर्न गरिएका यावत प्रयासहरु वर्तमान परिप्रेक्ष्यमा समानुकूल छन् वा छैनन् नभए अपूर्णता के कस्ता छन् त्यसको लागि थप कस्ता पहलको आवश्यकता छ भन्ने समेत यस शोधपत्रका माध्यमबाट प्रष्टाउने भरपूर प्रयास भएको छ ।

अध्ययनलाई पूर्ण गर्न पुस्तकालय विधिको अवलम्बनका साथै दुई पाठ्यक्रमको तुलना गर्न तुलनात्मक विधिको प्रयोग भएको छ । निर्दिष्ट पाठ्यक्रमहरूलाई गहन अध्ययन गरी सैद्धान्तिक आधार लिन पाठ्यक्रममा अर्न्तनिहित विषयवस्तुलाई खोज अनुसन्धान विधिको प्रयोग भएको छ ।

यस अध्ययनबाट वर्तमान समयमा नेपाली भाषा शिक्षणमा देखिएका कसरमसरलाई पूर्णत निर्मूल गर्न दुई पाठ्यक्रममा रहेका समानता र असमानतालाई तुलना गर्दै भावी दिनहरूमा विगतका कमजोरी हटाइ निश्चित रूपमा एउटा उज्यालो सुमार्ग देखाउने छ भन्ने आशा लिइएको छ ।

अन्त्यमा यस अध्ययन कार्यबाट नेपाली भाषा पाठ्यक्रम सम्बन्धी चिन्ता र चासोको विषय बनाई चिन्तनशील रहने महान चिन्तकका लागि सुन्दर सोपानको भूमिका निर्वाह गरी खड्किएका अभाव पूर्ति गर्न सहयोग पुऱ्याउने छ भन्ने आशा लिइएको छ । हुनत शोधकार्य एउटा आफैमा गहन विषय भएकाले गहन विषयको अध्ययन कार्य सहज नुहने कुरा एकातर्फ छ भने कुनै कार्य सम्पन्न पश्चात त्यसको प्रतिफल पाकेको मेवाको रूपमा रहने भएकोले सम्बन्धित सबैमा यस कार्यबाट मिठो प्रतिफल प्राप्त हुनेछ भन्ने कुरामा विश्वास लिइएको छ ।

# विषयसूची

**शीर्षक** **पृष्ठ**

## परिच्छेद एक : शोध परिचय


| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | अध्ययनको उद्देश्यहरू | २ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | अध्ययनको औचित्य | ४ |
| १.७ | अध्ययनको सीमाङ्कन | ५ |
| १.८ | अध्ययन विधि | ६ |
| १.९ | सामग्री सङ्लकन विधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ६ |


## परिच्छेद दुई : पाठ्यक्रमको सैद्धान्तिक अवधारणा


| | | |
|---|---|---|
| २.१ | पाठ्यक्रमको परिचय | ७ |
| २.२ | भाषापाठ्यक्रमको परिचय | ८ |
| २.३ | भाषापाठ्यक्रमका प्रमुख स्तम्भ र आधारहरू | १० |
| | २.३.१ आवश्यकताको विश्लेषण | १० |
| | २.३.२ उद्देश्यको निर्धारण | १० |
| | २.३.३ पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम | ११ |
| | २.३.४ शिक्षण प्रक्रिया | ११ |
| | २.३.५ मूल्याङ्कन प्रक्रिया | १२ |
| २.४ | भाषापाठ्यक्रमको महत्व र उपयोगिता | १२ |


## परिच्छेद तीन : नेपाली भाषापाठ्यक्रम परम्पराको संक्षिप्त अध्ययन


| | | |
|---|---|---|
| ३.१ | नेपाली भाषापाठ्यक्रमको ऐतिहासिक परम्परा | १४ |
| | ३.१.१ भाषापाठशालाको स्थापना – १९५८ | १४ |
| | ३.१.२ स्रेस्ता पाठशाला र जाँचपास अड्डा – १९६७ | १५ |

३.१.३ आधार शिक्षा – २००४ १६
३.१.४ नेपाल राष्ट्रिय शिक्षा योजना आयोग - २०११ १६
३.१.५ सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति - २०१८ १७
३.१.६ राष्ट्रिय शिक्षा पद्धतिको योजना - २०२८ १७
३.१.७ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन - २०४९ १८
३.१.८ माध्यमिक तहको नेपाली पाठ्यक्रम - २०५५ १८
३.२ माध्यमिक तहको नेपाली पाठ्यक्रमको परम्परा १९
३.२.१ मा.वि. तह नेपाली भाषापाठ्यक्रम २०२८ को संक्षिप्त परिचय २०
३.२.२ मा.वि. तह नेपाली भाषापाठ्यक्रम २०६४ को संक्षिप्त परिचय २३

**परिच्छेद चार : पाठ्यक्रमको तुलनात्मक अध्ययन**

४.१ उद्देश्यको आधारमा पाठ्यक्रमको तुलना २६
४.१.१ राष्ट्रिय उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना २६
४.१.२ साधारण उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना २८
४.२ भाषिक सीपका आधारमा पाठ्यक्रमको तुलना ३०
४.३ विधागत क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना ३०
४.४ अङ्कभार र पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना ३५
४.५ शिक्षण सामग्रीको आधारमा पाठ्यक्रमको तुलना ३८
४.६ शिक्षण प्रक्रिया/विधाका आधारमा पाठ्यक्रमको तुलना ३९
४.७ मूल्याङ्कनका आधारमा पाठ्यक्रमको तुलना ४१

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ४६
५.१.१ सबल पक्षहरू ४६
५.१.२ दुर्बल पक्षहरू ४७
५.२ सुझावहरू ४८
भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ५०
सन्दर्भसामाग्री सूची ५१
परिशिष्ट
व्यक्तिवृत्त

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | २०२८ अनुसार कक्षा ८,९ र १० को विधागत अङ्क विभाजन | २२ |
| २ | नेपाली भाषा पाठ्यक्रम २०६४ अनुसार अङ्क विभाजन | २४ |
| ३ | भाषा पाठ्यक्रम २०२८ र २०६४ को साधारण उद्देश्यको सङ्ख्यात्मक स्थिति | २८ |
| ४ | भाषा पाठ्यक्रम २०६४ अनुसार विशिष्ट उद्देश्यको सङ्ख्यात्मक स्थिति | २८ |
| ५ | नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६४ मा समावेश विधाहरू | ३० |
| ६ | मा.वि. तहको पाठ्यक्रम २०२८ मा अङ्कभार र पाठ्यभारको स्थिति | ३५ |
| ७ | मा.वि. तहको पाठ्यक्रम २०६४ मा अङ्कभार र पाठ्यभारको स्थिति | ३६ |
| ८ | भाषा पाठ्यक्रम २०२८ को अङ्क र समय विभाजन | ३६ |
| ९ | मा.वि. तहको नेपाली भाषापाठ्यक्रम २०६४ को अङ्क तालिका कक्षा – नौं | ३७ |
| १० | मा.वि. तहको नेपाली भाषापाठ्यक्रम २०६४ को अङ्क तालिका कक्षा – दश | ३७ |
| ११ | भाषा पाठ्यक्रम २०२८ अनुसार मूल्याङ्कनको व्यवस्था | ४२ |
| १२ | भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङ्कनको व्यवस्था कक्षा – नौं | ४२ |
| १३ | भाषा पाठ्यक्रम २०६४ अनुसार मूल्याङ्कनको व्यवस्था कक्षा – दश | ४३ |

# संक्षेपीकृत शब्दसूची

| संक्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| ऐ. प्रथम | ऐच्छिक प्रथम |
| नेपाशि. | नेपाली शिक्षण |
| ने.रा.शि.यो.आ. | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.स. | विक्रम संवत् |
| भाषापा. | भाषा पाठ्यक्रम |
| मा.वि. | माध्यमिक विद्यालय |
| र.न. | रजिष्ट्रेशन नम्बर |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |